# नेपाल राष्ट्र बैंक समाचार

असतोमा सद्गमय।

वर्ष ४४ | अङ्क ३ | नेपाल राष्ट्र बैंक समाचार | मसिर २०७६ | नोभेम्बर-डिसेम्बर २०१९


## गभर्नर डा. नेपाल WBGS/IMF को संयुक्त बैठकमा सहभागी




www.imf.org

गभर्नर डा. चिरंजीबि नेपाल सन् २०१९ अक्टोबर १८-२० मा संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डीसीमा सम्पन्न विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा सहभागी हुनुभयो ।

सो अवसरमा गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको प्लेनरी सेसनमा सहभागी हुनुभयो । प्लेनरी सेसनलाई विश्व बैंकका अध्यक्ष डेभिड माल्पास र अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशक क्रिस्टालिना जीओर्जीभाले सम्बोधन गर्नुभयो भने उक्त सेसनको अध्यक्षता फिजीका अर्थमन्त्री ऐयाज सायद खैयुमले गर्नुभएको थियो ।

सोही क्रममा गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको South East Asia Voting Group को बैठकमा सहभागी हुनुभयो । वासिङ्गटन डीसीमा रहँदा गभर्नर डा. नेपाल 39th SAARCFINANCE Group Meeting मा समेत सहभागी हुनुभएको थियो । बैठकका दौरान उहाँ International Development Association (IDA) को नेपालसँगको सहकार्य ५० वर्ष पुगेको अवसरमा विश्व बैंकद्वारा आयोजित समारोहमा सहभागी हुनुभयो ।

यसैगरी गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषको South East Asia Voting Group का कार्यकारी निर्देशक अलिसारा महासन्दना, कोषका उप-प्रबन्ध निर्देशक ताओ झाङ तथा एसिया प्यासिफिक विभागका अधिकारीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो । उक्त भेटका अवसरमा उहाँले दुईपक्षीय हित, प्राविधिक सहयोगका क्षेत्रहरू, नेपालको अर्थतन्त्र, विश्व अर्थतन्त्रको पछिल्लो प्रवृत्ति र त्यसले नेपालको अर्थतन्त्रमा पार्ने प्रभाव र आगामी Article IV Consultation को विषयमा समेत छलफल गर्नुभएको थियो । सो भेटका अवसरमा गभर्नर डा. नेपालले सन् २०२० फेब्रुअरीमा नेपाल राष्ट्र बैंकले आयोजना गर्न लागेको International Conference on Finance and Economics मा सहभागी हुन आग्रह गर्नुभयो ।

गभर्नर डा. नेपालको साथमा रहेका भ्रमण टोलीका अधिकारीहरूले अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क विभाग, मौद्रिक तथा पुँजी बजार विभाग, सञ्चालन विभाग र वित्त विभागको Safeguard Assessment Team का अधिकारीहरूसँग पनि प्राविधिक सहयोगका विषयमा छलफल गर्नुभएको थियो ।

बैठकमा सहभागी भई गभर्नर डा. नेपाल २०७६ कात्तिक ९ गते स्वदेश फिर्ता हुनुभयो । बैठकमा गभर्नर डा. नेपालको साथमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट र गभर्नरको कार्यालयका उप-निर्देशक प्रदीप भट्टराई समेत सहभागी हुनुभएको थियो ।

# एकीकृत निर्देशन, २०७५ मा संशोधन,परिमार्जन र नयाँ व्यवस्था

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन, २०७५ मा संशोधन, परिमार्जन र नयाँ नीतिगत व्यवस्था थप गरेको छ । बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ कात्तिक १५ गते परिपत्र जारी गर्दै यस्तो संशोधन, परिमार्जन र नयाँ नीतिगत व्यवस्था गरेको हो ।


संशोधित व्यवस्था अनुसार, बैंक तथा वित्तीय संस्थाले फर्म वा कम्पनीलाई कर्जा स्वीकृत गर्दा वा नवीकरण गर्दा आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीमा रहेको सम्बन्धित फर्म वा कम्पनीको वित्तीय विवरण सम्बन्धी सूचना समेतलाई आधार लिनुपर्नेछ । साथै, स्वीकृत ऋण रकम तथा मिति उक्त प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था समेत गर्नुपर्नेछ ।

पहिलो पटक घर खरिद गर्ने व्यक्तिलाई देहायको शर्तको अधीनमा रही प्रदान गरिने रु.१ करोड ५० लाखसम्मको आवासीय घर कर्जामा Loan to Value Ratio बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था राखिएको छ ।

- ऋणी आफूले मात्र प्रयोग गर्नेगरी बढीमा तीन हजार वर्गफिटसम्मको घर/अपार्टमेन्ट हुनुपर्ने ।
- कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट यस पूर्व घर/अपार्टमेन्ट निर्माण वा खरिद कर्जा नलिएको यकिन गर्नुपर्ने ।
- यस सुविधा अन्तर्गत कर्जा प्रदान गर्दा घरभाडालाई ऋणीको आम्दानीको स्रोतको रूपमा देखाउन नपाइने ।
- कर्जाको ब्याजदर वृद्धि भएमा पूर्व निर्धारित मासिक किस्ता वृद्धि नगरी कर्जा भुक्तान हुने व्यवस्था मिलाउनुपर्ने ।

थपिएको व्यवस्था अनुसार, ऋणीसँगको सहमतिमा एक वर्षभन्दा बढी भुक्तानी अवधि भएको आवधिक प्रकृतिको कर्जाको लागि तोकिएको अवधिभर ब्याजदर परिवर्तन नहुने गरी स्थिर ब्याजदर तोक्न सक्नेछन् । यस्तो स्थिर ब्याजदर तोकिएको अवधिभर परिवर्तन गर्न पाइने छैन ।

कर्जाको ब्याजदर वृद्धि गर्दा आधार दरमा भएको वृद्धिसम्म मात्र वृद्धि गर्न सकिने र यस्तो वृद्धि एक त्रयमासमा एकपटक मात्र गर्न सकिनेछ । तर, आधार दर वृद्धि हुँदा ब्याजदर वृद्धि नगर्न, ऋणीसँगको सहमतिमा स्थिर ब्याजदर कायम गर्न तथा जुनसुकै समयमा पनि ब्याजदर घटाउन यस व्यवस्थाले बाधा पर्ने छैन । यसरी त्रैमासिक रुपमा आधारदरमा परिवर्तन हुँदा ब्याजदरमा परिवर्तन हुने/नहुने सम्बन्धमा ऋणीलाई Offer Letter मा स्पष्ट रूपमा उल्लेख गरी अनिवार्य जानकारी दिने व्यवस्था गर्नुपर्नेछ ।



केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/४/०७६/७७

मिति: २०७६/०७/१५

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

संशोधित व्यवस्था अनुसार, 'ख' र 'ग' वर्गका वित्तीय संस्थाले आवश्यकता अनुसार प्रत्येक प्रदेशमा प्रादेशिक कार्यालयहरू स्थापना गर्न सक्नेछन् । त्यस्तो प्रादेशिक कार्यालय स्थापना गर्दा विभिन्न व्यवस्था र प्रक्रियाको पालना गर्नुपर्ने व्यवस्था राखिएको छ ।

निर्देशन नं. १९ को बुँदा नं. ४ को उप बुँदा नं. २ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा विभिन्न प्रक्रियाको अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ । यस अन्तर्गत ग्राहकबाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने, प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको यससम्बन्धी अभिलेखबाट सूचना लिने, नेपाल सरकार वा तोकिएका संस्था/निकायहरूबाट कम्तीमा पनि वार्षिक रूपमा सूची माग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गर्ने, उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिको सूचना र जानकारी बैंक तथा वित्तीय संस्थाले जोखिमको आधारमा वा आवश्यकता अनुसार लिनसक्ने प्रक्रिया तोकिएका छन् ।

यसैगरी, वास्तविक धनी पहिचान गर्ने सम्बन्धमा ग्राहकबाट सूचना लिने वा स्व-घोषणा गर्न लगाउने, नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायबाट सूचना माग गर्ने व्यवस्था थप गरिएको छ । बृहत ग्राहक पहिचानका सन्दर्भमा विद्युतीय माध्यमबाट हुने कारोबार अन्तर्गत प्रणालीगत रूपमा महत्वपूर्ण र अस्वाभाविक रूपमा शंकास्पद तवरबाट कारोबार गर्ने ग्राहक, उच्च नेटवर्थ भएका ग्राहक, नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत कारोबार गर्ने ग्राहक, प्रचलित कानून बमोजिम नैतिक पतन हुने कसूरजन्य कार्यमा संलग्न भई अदालतबाट कसूरदार ठहरिएको ग्राहकलाई समेट्नुपर्ने परिपत्रमा उल्लेख छ । यस्ता ग्राहकहरूसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने, कारोबारको उद्देश्यको जानकारी वा सोको प्रमाण लिने, कारोबारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने वा अन्य कुनै उपाय अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय प्रचलन अनुसार Enhanced Customer Due Deligence (ECDD) गर्ने संयन्त्रको विकास गरी सो मार्फत सूचना लिने पद्धति अवलम्बन गर्नुपर्ने जनाइएको छ ।

सरलीकृत वर्गीकरणमा परेका ग्राहकको खाता खोल्ने, कारोबार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया, फाराम र विवरण मात्र प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले जोखिम मूल्याङ्कनको आधारमा जोखिममा आधारित प्रणाली बमोजिम उच्च

जोखिममा रहेका ग्राहकको विवरण अद्यावधिक गर्ने संयन्त्र स्थापित गर्नुपर्ने परिपत्रमा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाको जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन गर्दा ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुनेगरी अद्यावधिक गरे नगरेको निश्चित गर्ने र ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने तथा फरक-फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरण समेत एकै ठाउँमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

संशोधित व्यवस्था अनुसार, प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमासभित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ । यस्तै, आन्तरिक तथा बाह्य लेखापरीक्षकले AML/CFT प्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारवाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोबारको अनुगमन हुने व्यवस्था भए नभएको सुनिश्चित गर्नुपर्ने व्यवस्था थप गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपयुक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै गुणस्तरीय प्रतिवेदन पेश गर्ने व्यवस्था निश्चित गर्ने र संस्थाले आफ्नो जोखिम मूल्याङ्कन प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था समेत थप गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोबार/क्रियाकलापको प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर बैंकिङ सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी शंकास्पद कारोबारको प्रतिवेदन नियमावलीको नियम १४ बमोजिम देहाय बमोजिम पेश गर्नुपर्नेछ ।

- 'क' वर्गका बैंकहरूले २०७६ माघ १ देखि अनिवार्य रूपमा विद्युतीय माध्यम (goAML-Production Live Environment) बाट शंकास्पद र सीमा कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- 'ख' र 'ग' वर्गका वित्तीय संस्थाले २०७७ असार मसान्तसम्म परीक्षणको रूपमा विद्युतीय माध्यममा (goAML Test Environment) र तत्पश्चात् पूर्ण रुपमा विद्युतीय माध्यम (goAML Production Environment) मार्फत प्रतिवेदनहरू पेश गर्नुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थाको नीति र कार्यविधिमा आतंकवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्नेछ। साथै, संस्थाले आतंकवादी क्रियाकलाप र आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक संयन्त्रको विकास गर्नुपर्ने समेत परिपत्रमा उल्लेख छ ।

# सम्पत्ति शुद्धीकरण निवारण समिति गठन गर्न निर्देशन

नेपाल राष्ट्र बैंकले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण निवारण समिति गठन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । इ.प्रा. निर्देशन नं. ६/०७६ को बुँदा नं. ७ को उपबुँदा नं. (५) मा संशोधन गर्दै बैंकले यस्तो निर्देशन दिएको हो ।

सो निर्देशनलाई समेट्दै बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा २०७६ कात्तिक २६ गते जारी गरिएको परिपत्र अनुसार उक्त समितिमा अनुपालना (Compliance) विभागका प्रमुख, जोखिम व्यवस्थापन विभागका प्रमुख सदस्य तथा प्रमुख जोखिम अधिकृत सदस्य-सचिव रहने व्यवस्था राखिएको छ । समितिमा आवश्यकता अनुसार एक जनासम्म विशेषज्ञ/सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिने व्यवस्था छ । उक्त समितिको बैठक कम्तीमा पनि तीन महिनामा एक पटक बस्नुपर्ने व्यवस्था समेत गरिएको छ ।

इ.प्रा. निर्देशन नं. ६/०७६ को बुँदा नं. ८ मा उपबुँदा नं. (ज) मा गाभ्ने/गाभिने वा प्राप्ति कार्यमा संलग्न संस्थाको शेयर कारोबार सम्बन्धी व्यवस्था थप गरेको छ । थपिएको व्यवस्था अनुसार, बैंक वा वित्तीय संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंक तथा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यस्तो सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन हस्तान्तरण गर्न वा लेनदेन गर्न पाइने छैन ।

तथापि, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिँदा वा एउटा बैंक तथा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्थालाई प्राप्ति गर्दा विलय भएर जाने संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंक तथा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति उक्त पद वा सेवाबाट अलग भएपश्चात् प्रचलित कानूनको अधीनमा रही यस बैंकको स्वीकृतीमा बैंक तथा वित्तीय संस्था वा त्यस्तो सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद गर्न गराउन, गर्न दिन, धितोबन्धक राखी कर्जा लिन, दान बकस लिन, दिन, हस्तान्तरण गर्न वा लेनदेन गर्न बाधा नपुग्ने परिपत्रमा उल्लेख गरिएको छ ।

# गभर्नर डा. नेपाल र आईएफसी प्रतिनिधिबीच भेटघाट



गभर्नर डा. चिरंजीबि नेपाल र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) को दक्षिण एसिया क्षेत्रका निर्देशक Mengistu Alemayehu बीच २०७६ कात्तिक १५ गते भेटवार्ता भएको छ ।

भेटका अवसरमा उहाँहरूबीच आईएफसीको रणनीति र नेपालमा रहेको लगानी योजना तथा नेपालको वित्तीय क्षेत्र सुदृढीकरणमा आईएफसीले खेल्नसक्ने भूमिकाको सम्बन्धमा छलफल केन्द्रित रहेको थियो ।

भेटका अवसरमा निर्देशक Alemayehu ले नेपालका बैंक तथा वित्तीय संस्थाको संस्थागत सुशासन अभिवृद्धि, जोखिम व्यवस्थापन र लगानी विस्तारको निम्ति पुँजीगत आधार विस्तार गर्नुपर्ने सुझाव दिनुभयो । बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी अभिवृद्धिको निम्ति राष्ट्र बैंकलाई आवश्यक सहयोग गर्न आईएफसी तयार रहेको समेत उहाँले बताउनुभयो ।

निर्देशक Alemayehu को धारणाप्रति सहमति जनाउँदै गभर्नर डा. नेपालले पछिल्लो मौद्रिक नीतिसँगै बैंक तथा वित्तीय संस्थाको थप मर्जर प्रक्रिया अगाडि बढेको र मर्जरपछि चुक्ता पुँजी वृद्धि भई पुँजीगत संरचना सबल बन्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा निर्देशक Alemayehu ले निर्धन उत्थान र आरएमडीसी लघुवित्त वित्तीय संस्थाले आईएफसीबाट लिन लागेको ऋण सहयोगको निम्ति स्वीकृती प्रदान गरिदिन राष्ट्र बैंकलाई आग्रह गर्नुभएको थियो । भेटमा आईएफसीका तर्फबाट कन्ट्री मेनेजर Wendy Werner र निमित्त आवासीय प्रतिनिधि सन्तोष पाण्डे तथा राष्ट्र बैंकका डेपुटी गभर्नर शिबराज श्रेष्ठ, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक सरिता भट्ट अधिकारी, गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला लगायतका अधिकारीहरूको उपस्थिति थियो ।

# संस्थागत सुशासनमा संवेदनशील बन्नुस् : गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले संस्थागत सुशासनप्रति संवेदनशील बन्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभएको छ ।

२०७६ कात्तिक २६ गते काठमाडौंमा आयोजित समृद्धि फाइनान्स कम्पनी लिमिटेडको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले सो निर्देशन दिनुभएको हो । गभर्नर डा. नेपालले भन्नुभयो, "बैंक/वित्तीय संस्थाको कुल वित्तीय स्रोतमा ९१ प्रतिशत हिस्सा जनताको निक्षेप छ । जनताको लगानी परेको संस्थालाई प्राइभेट कम्पनी सरह सञ्चालन गर्ने छुट कसैलाई पनि छैन ।"



उहाँले संस्थागत सुशासन प्रवर्द्धनको निम्ति सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापन तह बढी संवेदनशील बन्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । गभर्नर डा. नेपालले संस्थागत सुशासनलाई सर्वोपरी ठान्दै सजग भएर कारोबार गर्न समृद्धि फाइनान्स कम्पनी लिमिटेडलाई सुझाव समेत दिनुभयो । "विगतमा जस्तै फेरि समस्याग्रस्त हुने अवस्था नआओस् । अब उदाहरणीय संस्थाको रूपमा स्थापित हुनुस् ।" उहाँले भन्नुभयो ।

२०५८ सालमा स्थापना भएको वर्ल्ड मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स कम्पनी लिमिटेडलाई २०७० वैशाख ५ गते समस्याग्रस्त घोषणा गरिएको थियो । २०७६ साउन २५ गते समस्याग्रस्त मुक्त घोषणा भएपछि नयाँ संस्थापक लगानीकर्ताको प्रवेश भई 'समृद्धि फाइनान्स कम्पनी लिमिटेड' को नाममा कारोबार शुरु भएको हो ।

उद्घाटन समारोहमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद, राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष दीपकप्रकाश बास्कोटा लगायतले समृद्धि फाइनान्सलाई शुभकामना दिनुभएको थियो ।

# वित्तीय प्रणालीको विकासमा राष्ट्र बैंकको भूमिका महत्त्वपूर्ण : न्यायाधीश सिन्हा




नेपाल राष्ट्र बैंक, कानून महाशाखाको सहकार्यमा सर्वोच्च अदालत बार एसोसिएसनले २०७६ कात्तिक २२ गते काठमाडौंमा 'आर्थिक समृद्धिमा बैंक तथा वित्तीय क्षेत्रको भूमिका: कानूनी समस्या र समाधान' विषयक एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हा र गभर्नर डा. चिरंजीबि नेपालले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै न्यायाधीश सिन्हाले नेपालको वित्तीय प्रणालीको विकास र विस्तारमा नेपाल राष्ट्र बैंकको भूमिका महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । २०२८ सालमा आफूले बैंक खाता खोल्न खोज्दा तीन दिन लागेको प्रसङ्ग स्मरण गर्दै न्यायाधीश सिन्हाले भन्नुभयो, "अहिले प्रविधिको प्रयोगबाट घरबाटै अनलाईन खाता खोल्न र बैंकिङ कारोबार गर्न सम्भव भएको छ । राष्ट्र बैंकले वित्तीय प्रणालीलाई सुदृढ नगरेको भए यो अवस्था आउने थिएन ।"

बैंकिङ कसुर लगायतका मुद्दाका सन्दर्भमा अदालत कसैको दवाब र प्रभावमा नपर्ने उल्लेख गर्दै न्यायाधीश सिन्हाले भन्नुभयो, "अदालतले सबै पक्षको निम्ति सन्तुलित भूमिकामा रहेर विवादको निरुपण गर्छ ।" बैंकिङ तथा वित्तीय प्रणालीसँग सम्बन्धित कानूनलाई समयसापेक्ष संशोधनको निम्ति पहल गर्न समेत न्यायाधीश सिन्हाले राष्ट्र बैंकलाई सुझाव दिनुभयो । "२०१९ सालमा बनेको विदेशी विनिमय (नियमित गर्ने) ऐनको व्यवस्थाको आधारमा विदेशी विनिमय कारोबार भइरहेको छ । यस्ता पुराना कानूनहरू समयमै संशोधित हुनुपर्छ ।" उहाँले भन्नुभयो ।

सो अवसरमा गभर्नर डा. चिरंजीबि नेपालले अन्तर्राष्ट्रिय स्तरमा स्थापित मूलभूत सिद्धान्त, मापदण्ड आदिका आधारमा नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको कानूनी तथा नीतिगत व्यवस्था तर्जुमा गर्ने गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "धेरैलाई लाग्नसक्छ, राष्ट्र बैंकका सञ्चालकले आफूले सोचे अनुरूपका नीतिगत व्यवस्था बनाउँछन् । तर यथार्थ त्यस्तो होइन । हामी अन्तर्राष्ट्रिय स्तरमा स्थापित मान्यतालाई आधार मानेर सोही अनुरूपका कानूनी र नीतिगत व्यवस्था तयार गर्छौं ।"

बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी अभिवृद्धि र मर्जर तथा प्राप्ति प्रक्रिया शुरु भए यता संस्थाको पुँजीगत संरचना सुदृढ बन्दै गएको उल्लेख गर्दै गभर्नर डा. नेपालले पुँजीगत आधारलाई थप सबल तुल्याउन राष्ट्र बैंक 'बिग मर्जर' तर्फ अग्रसर भएको जानकारी दिनुभयो । एक अर्को प्रसङ्गमा अन्तर्राष्ट्रिस्तरमा समेत बैंक सञ्चालकको उमेर हदको व्यवस्था रहेको सन्दर्भमा नेपालमा पनि राष्ट्र बैंकले सोही व्यवस्थालाई अवलम्बन गर्न खोजेको धारणा उहाँले राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका सहायक निर्देशक रेशमराज रेग्मीले 'नेपाल राष्ट्र बैंकको कानूनी सन्दर्भ' र अधिवक्ता विनय रेग्मीले 'आर्थिक समृद्धि र विद्यमान बैंकिङ परिदृष्य तथा कानूनी वातावरण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा सहभागीहरूले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो ।

सो अवसरमा राष्ट्र बैंकका उच्च अधिकारी, कानुनविद्, वरिष्ठ अधिवक्ता, अधिवक्ता लगायतको सहभागिता थियो । कार्यक्रममा सहभागीहरूले वित्तीय क्षेत्रको कानूनी व्यवस्था, कमजोरी र सुधार गर्नुपर्ने प्रावधानहरूबारे आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा सर्वोच्च अदालत बार एसोसिएनका उपाध्यक्ष राजु खड्काले स्वागत मन्तव्य राख्दै अन्तरक्रियाको विषयवस्तुबारे प्रकाश पार्नुभएको थियो ।

# सिद्धार्थनगरमा लघुवित्त संस्थाका प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ कात्तिक २७ गते लघुवित्त वित्तीय संस्थाका प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लामा केन्द्रीय कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागितामा आयोजित अन्तरक्रियामा लघुवित्त क्षेत्रका समसामयिक विषयमा छलफल भयो । कार्यालयको बैंकिङ विकास तथा अनुसन्धान इकाईले व्यवस्थापन गरेको उक्त कार्यक्रम निर्देशक राजेन्द्र भट्टराईको उपस्थितिमा सम्पन्न भएको हो ।

कार्यक्रममा रुपन्देही, कपिलबस्तु र पश्चिम नवलपरासीमा केन्द्रीय कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो । उहाँहरूले आफ्नो संस्थाको विद्यमान अवस्था र भावी योजनाका विषयमा चर्चा गर्नुभएको थियो । साथै, लघुवित्त क्षेत्रका विद्यमान समस्या र एकीकृत निर्देशनमा थप भएका नयाँ नीतिगत व्यवस्थाले लघुवित्त क्षेत्रमा पार्नसक्ने प्रभावका विषयमा समेत उहाँहरूले धारणा राख्नुभएको थियो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक विवेक कोइरालाले लघुवित्त संस्थाहरू स्वनियमनमा रहेर आफ्नो कारोबार सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा निर्देशक राजेन्द्र भट्टराईले सहभागीको तर्फबाट उठाइएका सैद्धान्तिक र व्यवहारिक जिज्ञासाको जवाफ दिनुभयो । यस्तो कार्यक्रमबाट प्राप्त हुने सुझावले नयाँ नीतिगत व्यवस्था तर्जुमा गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो ।

# विदेशी लगानी सम्बन्धी अन्तरक्रिया कार्यक्रम



नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागले प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋणलाई प्रभावकारी बनाउने सम्बन्धमा २०७६ कात्तिक २८ गते काठमाडौंमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वैदेशिक लगानी र वैदेशिक ऋण सम्बन्धी नियमनकारी निकाय तथा सरोकारवालाहरूको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । नेपाल राष्ट्र बैंकका का.मु. गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यता तथा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक सरिता भट्ट अधिकारीको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको प्रारम्भमा विभागका निर्देशक गुरुप्रसाद पौडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । सो अवसरमा प्रत्यक्ष वैदेशिक लगानी तथा ऋण सम्बन्धमा तीनवटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । उद्योग विभागका मेकानिकल ईञ्जिनियर रिवाज भण्डारीले प्रत्यक्ष वैदेशिक लगानीका कानूनी, नीतिगत र कार्यगत व्यवस्था सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसैगरी, एकल बिन्दु सेवा केन्द्र, विदेशी विनिमय सहजिकरण इकाईका उप-निर्देशक मदन पण्डितले प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी नीति, प्रक्रिया र वर्तमान अवस्था तथा विदेशी विनिमय व्यवस्थापन विभाग र प्रत्यक्ष वैदेशिक लगानी फाँटका उप-निर्देशक मनोहर शिवाकोटीले वैदेशिक ऋण सम्बन्धी नीति, प्रक्रिया र अभ्यासका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्र प्रस्तुतिपछि सो विषयमा नियमनकारी निकाय तथा सरोकारवाला संस्थाका प्रतिनीधिहरूबीच छलफल भएको थियो । छलफलमा विदेशी लगानीकर्ताका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि,

बाँकी पृष्ठ ११ मा

# जनकपुर कार्यालयको पुस्तकालय आधुनिकीकरणतर्फ



नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयमा रहेको पुस्तकालयलाई आधुनिकीकरण गरी सञ्चालनमा ल्याइएको छ । कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेले २०७६ कार्तिक १५ गते कर्मचारीहरूको उपस्थितिमा बारकोड रिडरबाट पुस्तकको विवरण डिस्प्ले गरी पुस्तकालय सञ्चालन गर्नुभयो ।

जनकपुर कार्यालयका सहायक (सू.प्र.) अजयकुमार सिंहको प्रयासमा पुस्तकालय व्यवस्थापन प्रणाली विकास गरी पुस्तकालयलाई आधुनिक बनाइएको हो । निर्देशक न्यौपानेले पुस्तकालय आधुनिकीकरणमा महत्वपूर्ण योगदान दिएकोमा कार्यालयका सहायक (सू.प्र.) अजयकुमार सिंहलाई धन्यवाद दिनुभयो । पुस्तकालयमा रहेका पुस्तक र अन्य पठनीय सामग्रीको विवरण अध्यावधिक गर्न र अध्ययनको सहजताको निम्ति समेत उक्त प्रणाली उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । यसबाट सिकाइ संस्कृतिको समेत विकास हुने उहाँको भनाइ थियो ।

सहायक सिंहले उक्त प्रणाली Client Server Architecture मा आधारित भएर तयार गरिएको जानकारी दिनुभयो । साथै Code Igniter PHP Framework/Database को लागि MySQL को उपयोग गरी तयार गरिएकोले सो प्रणाली सञ्चालन गर्न सरल र तथ्याङ्कीय सुरक्षाका दृष्टिकोणबाट भरपर्दो रहेको, पुस्तकालय सम्बन्धी आवश्यक सम्पूर्ण अभिलेखहरू डिजिटल रुपमा राख्न सकिने जानकारी उहाँले दिनुभयो ।

सहायक सिंहका अनुसार, जनकपुर कार्यालयको कुनै पनि कम्प्युटरबाट पुस्तकालयमा रहेका पुस्तक र अन्य सामग्रीको जानकारी लिन सकिने गरी व्यवस्था मिलाइएको छ । साथै, आगामी दिनमा अन्य कार्यालयका पुस्तकालयमा समेत उक्त सेवा विस्तार गरिने बताइएको छ । पुस्तक तथा पाठकहरूको पहिचानको लागि बारकोड राखिएको र पुस्तकालय सञ्चालनका लागि आवश्यकता अनुसार Admin Management, Librarian र General User गरी चार किसिमका प्रयोगकर्ताको व्यवस्था गरिएको छ ।

# शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम

शुभ दिपावली, नेपाल सम्वत् ११४० र छठ पर्वका अवसरमा नेपाल राष्ट्र बैंक सम्बद्ध दुई वटा कर्मचारी युनियनले छुट्टाछुट्टै शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गरेका छन् ।

नेपाल राष्ट्र बैंक कर्मचारी संघले २०७६ कात्तिक ५ गते बालुवाटारस्थित बैंक परिसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गऱ्यो । का.मु. गभर्नर चिन्तामणि शिवाकोटीको प्रमख् आतिथ्य र अध्यक्ष ढुण्डीराज मिश्रको सभापतित्वमा उक्त चियापान कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा का.मु. गभर्नर शिवाकोटीले शुभकामना मन्तव्य व्यक्त गर्दै बैंकको व्यवस्थापन, ट्रेड युनियन र कर्मचारीहरूको सामुहिक पहलबाट मात्रै बैंकका लक्षित उद्देश्य हासिल हुने बताउनुभयो । बैंकको सफलताबाटै कर्मचारीको हित संरक्षण हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा डेपुटी गभर्नर शिबराज श्रेष्ठले शुभकामना मन्तव्य राख्दै बैंकको हितमा अग्रसर रहन कर्मचारीहरूलाई आह्वान गर्नुभयो । सो अवसरमा नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य एवम् पेशागत महासंघका अध्यक्ष विश्वनाथ प्याकुरेल, नेपाल राष्ट्रिय कर्मचारी संगठन (नेपाल राष्ट्र बैंक) का अध्यक्ष रेशमबहादुर बल्छौडी, नेपाल राष्ट्र बैंक कर्मचारी संघका पूर्व अध्यक्ष प्रेमप्रसाद पाण्डेयले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

संघका अध्यक्ष ढुण्डीराज मिश्रले शुभकामना मन्तव्यसहित उपस्थित सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा संघका महासचिव गोविन्दप्रसाद भण्डारीले स्वागत मन्तव्य राख्नुभयो भने सचिव कृष्ण के.सी.ले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



यसैगरी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, केन्द्रीय समितिले २०७६ कात्तिक ६ गते शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गऱ्यो । प्रतिनिधिसभा सदस्य एवम् नेपाली कांग्रेसका केन्द्रीय सदस्य गगनकुमार थापाको प्रमुख आतिथ्यमा बालुवाटारस्थित राष्ट्र बैंक परिसरमा संघले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा शुभकामना मन्तव्य राख्दै सांसद गगनकुमार थापाले दुई तिहाई बहुमतबाट बनेको वर्तमान सरकारले मुलुकको अर्थतन्त्रलाई गतिशील तुल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । नागरिकले वर्तमान सरकारबाट समृद्धि र विकासको अपेक्षा राखेको उल्लेख गर्दै त्यसतर्फ अग्रसर रहन सरकारलाई सुझाव दिनुभयो । मुलुकको समृद्धिको निम्ति आगामी दुई दशकसम्म ९ प्रतिशतसम्मको दिगो आर्थिक वृद्धिदर आवश्यक रहेको उहाँले बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका कर्मचारीबाट राष्ट्र बैंकको स्वायत्तता कटौती हुँदै गएको आवाज उठेको सन्दर्भमा सांसद थापाले मुलुकको केन्द्रीय बैंकको रूपमा राष्ट्र बैंकको स्वायत्ततालाई अझ सशक्त तुल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "कसैले चाहँदैमा राष्ट्र बैंकको स्वायत्तता त्यति सजिलै गुम्न सक्दैन । बैंकको स्वायत्तताको निम्ति हामी सबै एक जुट हुनुपर्छ ।"

कार्यक्रममा नेपाल राष्ट्र बैंकका का.मु. गभर्नर चिन्तामणि शिवाकोटीले बैंकका कर्मचारी युनियनहरू व्यवस्थापन पक्षको निम्ति मार्गदर्शक रहेको उल्लेख गर्दै संस्थाको उन्नतिको लागि रचनात्मक सहयोग गर्न युनियनलाई आग्रह गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर शिबराज श्रेष्ठले राष्ट्र बैंक विशिष्ट उद्देश्य लिएको संस्था रहेको उल्लेख गर्दै बैंकले अवलम्बन गरेको नीतिका कारण वित्तीय क्षेत्रमा उल्लेख्य सुधार भएको बताउनुभयो । कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघका महासचिव राजीव शर्मा रेग्मी, बरिष्ठ उपाध्यक्ष माधवप्रसाद अधिकारी, पूर्व अध्यक्ष डा. सञ्जयप्रसाद मिश्र, संघको राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मी लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा उपाध्यक्ष राजनप्रसाद रेग्मीले स्वागत मन्तव्य राख्नुभयो भने अध्यक्ष रेशमराज रेग्मीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । संघका सचिव हरिकृष्ण भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# सिद्धार्थनगर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ कात्तिक २२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो ।

बैंकिङ विकास तथा अनुसन्धान इकाईद्वारा आयोजित उक्त कार्यक्रम निर्देशक राजेन्द्र भट्टराईको उपस्थितिमा सम्पन्न भएको हो । सो अवसरमा सहायक निर्देशक माधवराज ढकालले 'जोखिममा आधारित आन्तरिक लेखापरीक्षण' र सहायक निर्देशक पुष्कर खनालले 'लघुवित्त व्यवस्थापन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । दुबै प्रस्तोताले बैंकिङ प्रशिक्षण केन्द्रद्वारा सञ्चालित तालिम कार्यक्रममा सहभागी भई आफूले सिकेका ज्ञानलाई वार्तामार्फत प्रस्तुत गर्नुभएको हो ।

कार्यक्रममा निर्देशक भट्टराईले सम्बन्धित विषयमा सहभागीले उठाएका सैद्धान्तिक तथा व्यवहारिक जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रम सहायक निर्देशक रमेशकुमार न्यौपानेले सञ्चालन गर्नुभएको थियो ।




# कैलालीको टीकापुरमा सचेतना कार्यक्रम सञ्चालन

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ असोज ३० गते कैलालीको टीकापुरमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी र FIU IT Software System (goAML) को कार्यान्वयनमा सूचक संस्थाहरूको सहभागिता विषयक एक दिने सचेतना कार्यक्रम आयोजना गर्‍यो ।



वित्तीय जानकारी इकाईसँगको समन्वयमा धनगढी कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यालयका निर्देशक निश्चल अधिकारीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा टीकापुर र लम्की नगर क्षेत्रका बैंक तथा वित्तीय संस्थाक शाखा प्रमुख र अन्य प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले AML-CFT Regime, ME and Major Issues सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा इकाईका उप-निर्देशक कृष्णराम धुजुले FIU IT Software System (goAML) को कार्यान्वयन तथा सञ्चालनको प्राविधिक तथा व्यवहारिक पक्षका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले सहभागीहरूको जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका सहायक निर्देशक ध्रुव कार्कीले स्वागत मन्तव्य राख्नुभयो भने का.मु. प्रधान सहायक निरज पाण्डेयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विराटनगरमा "Less Cash Society" विषयक अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयको समन्वयमा विराटनगर जेसिसले २०७६ कात्तिक २४ गते विराटनगरमा "Less Cash Society" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक भुवन कडेलको प्रमुख आतिथ्य र विराटनगर जेसिसका अध्यक्ष सेवक बजगाईको सभापतित्वमा उक्त कार्यक्रम आयोजना भएको हो ।




कार्यक्रममा विराटनगरस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, विराटनगर जेसिसका प्रतिनिधि र नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । उक्त कार्यक्रममा अर्थतन्त्रमा Less Cash का फाइदा/बेफाइदा, महत्व र प्रभावकारिताका सम्बन्धमा विराटनगर कार्यालयका निर्देशक रोशनकुमार सिग्देलले वार्ता प्रस्तुत गर्नुभयो । प्रस्तुत वार्तामाथि छलफल हुँदा कार्यकारी निर्देशक कडेल र निर्देशक सिग्देलले सहभागीद्वारा उठाइएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यालयका उप–निर्देशक ईश्वरकुमार कटुवालले कार्यक्रममा शुभकामना मन्तव्य दिनुभएको थियो । सो अवसरमा कार्यक्रमका सभापति एवम् विराटनगर जेसिसका अध्यक्ष सेवक बजगाईले उपस्थित सबैलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुभयो ।

# लमजुङमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम




उत्प्रेरणा भलायाखर्कले २०७६ कात्तिक ३० गते लमजुलङको राईनास नगरपालिका-२ स्थित भलायखर्कमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।

स्थानीय विपन्न, महिला, दलित समुदायमा वित्तीय चेतना अभिवृद्धि गराइ उद्यमशीलता विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ नेपाल राष्ट्र बैंकको सहकार्यमा भलायाखर्कले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा स्थानीय पुरुष र महिला गरी १०२ जनाको सहभागिता थियो ।

जानकारीमुलक वार्ता प्रस्तुति, वृत्तचित्र प्रदर्शनी, प्रश्नोत्तर, समूह कार्य, समूहगत छलफल खेल विधि जस्ता माध्यमको प्रयोग गरी कार्यक्रम सञ्चालन गरिएको थियो । सो अवसरमा उत्प्रेरणा भलायाखर्कका सचिव हरिषचन्द्र घिमिरेले स्वागत मन्तव्य राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकले तयार गरेको वित्तीय साक्षरता सम्बन्धी वृत्तचित्र प्रदर्शन गरी कार्यक्रको शुरुवात गरिएको थियो । वृत्तचित्रमा वित्तीय साक्षरताको जानकारी, बजेट, बचत, ऋण, लगानी र वित्तीय सेवा प्रदायक संस्थाको जानकारीमुलक विषयवस्तुलाई समेटिएको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले राष्ट्र बैंकको संक्षिप्त चिनारी प्रस्तुत गर्दै वित्तीय चेतना अभिवृद्धि कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै वित्तीय साक्षरताका दुवै पक्षहरू बारे चर्चा गर्नुभयो ।

राईनास नगरपालिका वडा नं. २ का अध्यक्ष रामचन्द्र अधिकारीले वित्तीय चेतना अभिवृद्धि कार्यक्रमको सञ्चालनबाट स्थानीय बासिन्दामा बचत, लगानी, ऋण परिचालनको सम्बन्धमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गर्नुभयो । बजेट, बचत, ऋण व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादनशील क्षेत्रमा लगानी र वित्तीय सेवा प्रदायक संस्थाबारे ६ वटा समूह बनाइ सहभागीहरूबीच छलफल चलाइएको थियो । उत्प्रेरणा भलायाखर्कका अध्यक्ष लक्ष्मीप्रसाद घिमिरेले धन्यवाद मन्तव्य राख्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

# महेन्द्रनगरमा सरकारी ऋणपत्रसम्बन्धी सचेतना कार्यक्रम



नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ कात्तिक २२ गते कञ्चनपुरको महेन्द्रनगरमा सरकारी ऋणपत्र सम्बन्धी सचेतना कार्यक्रम आयोजना गऱ्यो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नीलम तिम्सिनाको प्रमुख आतिथ्यता तथा धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा महेन्द्रनगरस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी/व्यवसायी, समाजसेवी, बुद्धिजिवी लगायतको सहभागिता थियो ।

कार्यक्रममा धनगढी कार्यालयका सहायक निर्देशक खडकबहादुर चौधरीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । सो अवसरमा राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक डा. टापप्रसाद कोइरालाले नेपालमा प्रचलित सरकारी ऋणपत्रको प्रकार, ऋणपत्र खरिद गर्ने विधि र यसको महत्वबारे सहभागीहरूलाई जानकारी गराउनुभयो ।

कार्यक्रममा सहभागीका तर्फबाट बैंकर्स क्लब, कञ्चनपुरका सचिव एवम् एभरेष्ट बैंकका प्रतिनिधि शंकर घिमिरे, कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष जंगबहादुर मल्ल, कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विरुराम जैसी, सुदूर पश्चिमाञ्चल विश्वविद्यालयका उप-प्राध्यापक शंकरदत्त भट्ट लगायतले धारणा राख्नुभएको थियो ।

कार्यक्रममा राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नीलम तिम्सिना र निर्देशक सुष्मा रेग्मी रिजालले आफ्नो मन्तव्य राख्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो । सो अवसरमा धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापन गर्नुभएको थियो । कार्यालयका प्रधान सहायक डम्बरदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वैदेशिक तालिम/सेमिनारमा सहभागिता

संस्थागत योजना विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ Bank of Korea ले २०१९ अक्टोबर २९-३० मा दक्षिण कोरियाको सोलमा आयोजना गरेको SEANZA Advisors Meeting विषयक कार्यक्रममा सहभागी हुनुभयो । जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी Federal Reserve Bank of New York द्वारा २०१९ अक्टोबर २२-२४ मा संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजित Management in the Central Bank विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी इकाईका निर्देशक रामु पौडेल Bank of France द्वारा २०१९ नोभेम्बर १२-१५ मा फ्रान्सको पेरिसमा आयोजित Anti-Money Laundering विषयक कार्यक्रममा सहभागी हुनुभयो । विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक रामबहादुर मानन्धर SEACEN ले २०१९ अक्टोबर २७-नोभेम्बर १ मा कम्बोडियामा आयोजना गरेको Monetary Policy Strategies and Monetary Operations विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका निर्देशक डा. रामशरण खरेल, सिद्धार्थनगर कार्यालयका उप-निर्देशक शान्तिप्रसाद पाण्डे, बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक सुबोधमान श्रेष्ठ र बैंकिङ कार्यालयका सहायक निर्देशक राजेश अर्याल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, बैंकिङ कार्यालयका निर्देशक रामप्रसाद गौतम The Istanbul School of Central Banking (ISCB) द्वारा २०१९ नोभेम्बर १८-२१ मा टर्कीको इस्तानबुलमा आयोजित Cash Circulation Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डित SEACEN द्वारा २०१९ नोभेम्बर ११-१३ मा मलेशियामा आयोजित SEACEN Central Bank Governance Seminar: Roles and Objectives of Modern Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. निर्देशक रमेश आचार्य समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक अनुज दाहाल Financial Action Taskforce (FATF) द्वारा २०१९ अक्टोबर २८-नोभेम्बर १ मा दक्षिण कोरियाको बुसानमा आयोजित FATF Standards Training Course विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्तीय जानकारी इकाईका सहायक निर्देशक रमेशकुमार कटुवाल पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. निर्देशक केशवबहादुर के.सी. Bank for International Settlements (BIS) ले २०१९ नोभेम्बर १३-१५ मा स्पेनको म्याड्रिडमा आयोजना गरेको Conference on Securities Trading Issues and Market Infrastructure विषयक कार्यक्रममा सहभागी हुनुभयो । जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक सुमन नेउपाने पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक अशोक घिमिरे The International Banking and Finance Institute (IBFI) द्वारा २०१९ नोभेम्बर १८-२१ मा फ्रान्सको पेरिस आयोजित Internal Audit and Internal Control विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक गिरिजाप्रसाद कोइराला IMF-SARTTAC ले २०१९ नोभेम्बर ११-२२ मा भारतको नयाँ दिल्लीमा आयोजना गरेको Financial Development and Financial Inclusion (FDFI) विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक पिताम्बर पोखरेल, विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक श्यामप्रसाद ढकाल, बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक झङ्कनाथ ढकाल र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक प्रकाशकुमार धिताल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका उप-निर्देशक पूर्णबहादुर महर्जन SEACEN द्वारा २०१९ अक्टोबर २१-२५ मा फिलिपिन्सको मनिलामा आयोजित SEACEN-BOJ Course on the Oversight and Regulation of Payment and Settlement Systems विषयक कार्यक्रममा सहभागी हुनुभयो । नेपालगञ्ज कार्यालयका उप-निर्देशक माधवप्रसाद पोखरेल, भुक्तानी प्रणाली विभागका सहायक निर्देशक डा. कीर्तिविक्रम दाहाल र वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक बुद्धिकृष्ण डंगोल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक सुधा श्रेष्ठ IMF-STI द्वारा २०१९ नोभेम्बर ४-१५ मा सिंगापुरमा आयोजित Financial Development and Financial Inclusion (FDFI) विषयक कार्यक्रममा सहभागी हुनुभयो । सिद्धार्थनगर कार्यालयका उप-निर्देशक प्रकाश राई Bank of Korea ले २०१९ नोभेम्बर ४-८ मा दक्षिण कोरियाको सोलमा आयोजना गरेको Macro Prudential Policy Modeling for Open Economics विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त व्यवस्थापन विभागका उप-निर्देशक मिलादेवी बाराही पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक विना ढकाल SEACEN ले २०१९ नोभेम्बर १७-२२ मा दक्षिण कोरियाको सोलमा आयोजना गरेको SEACEN Course on Bank Analysis and Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त व्यवस्थापन विभागका का.मु. उप-निर्देशक पुरुषोत्तम खतिवडा, विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक बद्रीनारायण थापा, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक मधुसुदन दवाडी र विराटनगर कार्यालयका सहायक निर्देशक रेणुका बन समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक पदमराज रेग्मी Alliance for Financial Inclusion (AFI) ले २०१९ अक्टोबर २८-३० मा मोरक्कोमा आयोजना

गरेको BAM-AFI Global Conference on Green Finance and BAM-AFI Member Training on Inclusive Green Finance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक लुमाकान्त भट्टराई Alliance for Financial Inclusion (AFI) द्वारा २०१९ नोभेम्बर ६-८ मा केन्याको नैरोबीमा आयोजित Supervisory Framework for Digital Credit विषयक कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक मदन पण्डित Asian Development Bank (ADB) द्वारा २०१९ अक्टोबर २९-३१ मा सिंगापुरमा आयोजित 2019 Asian Regional Forum on Investment Management of Foreign Exchange Reserves विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक बद्रीनाथ नेपाल SEACEN ले २०१९ नोभेम्बर ३-८ मा ताइवानको ताइपेइमा आयोजना गरेको SEACEN Course on Off-site Monitoring विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकद्वय गोविन्दप्रसाद भण्डारी र इन्द्र त्रिविक्रम पहारी तथा विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकद्वय सुशील विजुक्छे र अशोककुमार राई पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । अनुसन्धान विभागका उप-निर्देशक सिद्धराज भट्ट SEACEN ले २०१९ अक्टोबर ३१-नोभेम्बर १ मा मलेशियाको क्वालालाम्पुरमा आयोजना गरेको SEACEN Research Seminar विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, अनुसन्धान विभागका सहायक निर्देशक डा. गणेशप्रसाद गौतम IMF-STI ले २०१९ नोभेम्बर १८-२२ मा सिंगापुरमा आयोजना गरेको Residential Property Price Indices विषयक कार्यक्रममा सहभागी हुनुभयो । राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक विष्णुकुमार विश्वकर्मा तथा अनुसन्धान विभागका सहायक निर्देशकद्वय सुधा दुलाल आचार्य र समीरहरि शर्मा IMF SARTTAC द्वारा २०१९ अक्टोबर २१-२५ मा भारतको नयाँ दिल्लीमा आयोजित SARTTAC-CDOT Monetary Policy Frameworks and Operation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकद्वय मेघनाथ तिमल्सिना र सार्थक कार्की, बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक समिर श्रेष्ठ र वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक भरतदेव पाण्डे IMF SARTTAC द्वारा २०१९ अक्टोबर २८-नोभेम्बर १ मा भारतको नयाँ दिल्लीमा आयोजित Financial Sector Policies विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक लेखनाथ दाहाल, वित्त व्यवस्थापन विभागका सहायक निर्देशक पदमराज जोशी, भुक्तानी प्रणाली विभागका सहायक निर्देशक शिवनाथ योगी, बैंकिङ कार्यालयका सहायक निर्देशकद्वय घनश्याम फुलारा र गोविन्द कार्की तथा सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक छविलाल घिमिरे Reserve Bank of India (RBI) द्वारा २०१९ नोभेम्बर ४-८ मा भारतको चेन्नाईमा आयोजित International Program - Payment and Settlement Systems-Operation, Risks and Oversight विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी इकाईका सहायक निर्देशक प्रशान्तबल्लभ पन्त Government of India ले २०१९ अक्टोबर २१-२६ मा भारतको ब्याङ्गलोरमा आयोजना गरेको Money Laundering 2nd Phase विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

# अनिवार्य अवकाश

उप-निर्देशकहरू राष्ट्र ऋण व्यवस्थापन विभागका हिरण्य निरौला, भुक्तानी प्रणाली विभागका कृष्णप्रसाद शर्मा, बैंक तथा वित्तीय संस्था नियमन विभागका रविन्द्रप्रसाद सापकोटा र बैंकिङ कार्यालयका राजेन्द्र खत्रीले २०७६ कात्तिक १ देखि बैंक सेवाबाट अनिवार्य अवकाश पाउनुभएको छ । उहाँहरूले ३० वर्षे सेवा अवधिका आधारमा अवकाश पाउनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

## विदेशी लगानी....

कानून व्यवसायी तथा बैंकका प्रतिनिधिले नेपाल राष्ट्र बैंकको स्वीकृति बिना भित्रिएको लगानीको लेखाङ्कन, विदेशी लगानीकर्ता कम्पनीको अन्तिम हिताधिकारीको विवरणको आवश्यकता, विदेशी मुद्रा ऋणको सम्बन्धमा हेजिङ्गको व्यवस्था, नेपालको सार्वभौम साख मुल्याङ्कन, विदेशी मुद्रामा बैंक खाता सञ्चालन लगायतका विषयमा जिज्ञासा तथा सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा का.मु. गभर्नर चिन्तामणि शिवाकोटीले नेपालको सार्वभौम साख मुल्याङ्कन हुने क्रममा रहेको, विदेशी मुद्रा ऋणको सम्बन्धमा हेजिङ्ग सम्बन्धी कार्यविधि तर्जुमा हुने क्रममा रहेको र सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी रोक्न पनि विदेशी लगानीकर्ता कम्पनीको अन्तिम हिताधिकारीको विवरणको आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक सरिता भट्ट अधिकारीले विदेशी मुद्रामा बैंक खाता सञ्चालन सम्बन्धी व्यवस्थाका सम्बन्धमा स्पष्ट पार्नुभयो । साथै, उहाँले लेखाङ्कनको नीतिगत व्यवस्था अघि भित्रिएको विदेशी लगानीको लेखाङ्कनको लागि छुट्टै व्यवस्था गर्ने सम्बन्धमा अध्ययन गर्न सकिने आशय समेत व्यक्त गर्नुभयो । कार्यकारी निर्देशक अधिकारीले धन्यवाद ज्ञापन गर्दै सहभागीको तर्फबाट उठेका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागका कार्यकारी निर्देशक गुणाकर भट्ट, नेपाल उद्योग वाणिज्य महासंघका उप-महानिर्देशक गोपालप्रसाद तिवारी, नेपाल उद्योग परिसंघका अनलराज भट्टराई लगायत नियमनकारी निकाय र सरोकारवाला संस्थाका प्रतिनिधि, विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशकहरू, उप-निर्देशकहरू, विभागको प्रत्यक्ष वैदेशिक लगानी फाँट तथा सचिवालयमा कार्यरत कर्मचारीहरूको सहभागिता थियो । विभागका सहायक निर्देशक पुष्करराज भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नर डा. नेपालद्वारा SEACEN कार्यक्रममा सहभागिता



गभर्नर डा. चिरंजीबि नेपाल The South East Asian Central Banks (SEACEN) Research and Training Centre र Monetary Authority of Singapore ले संयुक्त रूपमा २०७६ कात्तिक २७ र २८ गते सिंगापुरमा आयोजना गरेको ५५ औं SEACEN Governors' Conference/High Level Seminar तथा ३९ औं SEACEN Board of Governors' Meeting मा सहभागी हुनुभयो ।

कार्यक्रमको तालिका अनुसार पहिलो दिन गभर्नर डा. नेपालले सिंगापुरमा आयोजित 4th Singapore Fintech Festival and the Singapore Week of Innovation and Technology ("SFF x Switch 2019") को अवलोकन भ्रमण गर्नुभयो । सो अवसरमा गभर्नर डा. नेपाल Monetary Authority of Singapore र UN Secretary-General's Special Advocate for Inclusive Finance for Development (UNSGSA) को सहायतामा Banks for International Settlement (BIS) र World Bank ले आयोजना गरेको Impact of Technology on Financial Inclusion and Financial Stability Expanding International Cooperation Among Financial Authorities विषयक छलफल कार्यक्रमा समेत सहभागी हुनुभयो ।

साथै, गभर्नर डा. नेपाल UN Secretary-General's Special Advocate for Inclusive Finance for Development (UNSGSA) नेदरल्याण्डका महारानी म्याक्सिमासँग आयोजित बैठकमा सहभागी हनुभयो । सो बैठकमा वित्तीय समावेशीकरणका समसामयिक विषयमा छलफल भएको थियो ।

कार्यक्रमको दोस्रो दिन गभर्नर डा. नेपाल 39th SEACEN Board of Governors' Meeting मा सहभागी हुनुभयो । सो बैठकले Monetary Authority Singapore का गभर्नर Ravi Menon लाई आगामी एक वर्षका लागि बोर्डको अध्यक्षमा चयन गऱ्यो । बैठकले SEACEN Centre को आगामी वर्षको प्रस्तावित बजेट तथा कार्यक्रम र केन्द्रले आयोजना गर्ने तालिम तथा अनुसन्धानमूलक कार्यक्रमहरू पारित गर्नुका साथै ५६ औं गभर्नर्स सम्मेलन तथा ४० औं बोर्ड अफ गभर्नर्स बैठक आयोजना गर्न Authority Monetary Brunei Darussalam ले राखेको प्रस्तावलाई स्वीकृत गऱ्यो ।

मूलतः Data & Technology : An Embracing Innovation विषयमा केन्द्रित उक्त कार्यक्रममा Data Driven Economy/Artificial Intelligence Driven Economy का विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । SEACEN का सदस्य केन्द्रीय बैंकका गभर्नरहरू, कार्यकारी निर्देशकहरू र अन्य अतिथिहरूले भाग लिनुभएको SEACEN Governors' Conference/High Level Seminar तथा ३९ औं SEACEN Board of Governors' Meeting का क्रममा गभर्नर डा. नेपाल र सदस्य केन्द्रीय बैंकका गभर्नरहरू बीच आपसी हित तथा द्विपक्षीय सहयोगका सम्बन्धमा पनि छलफल भयो ।

वित्तीय, मौद्रिक, बैंकिङ, आर्थिक विकाससँग सम्बन्धित क्षेत्रहरूमा अनुसन्धान तथा सदस्य केन्द्रीय बैंक र मौद्रिक अधिकारीहरूलाई तालिम प्रदान गर्ने उद्देश्यले सन् १९८२ मा स्थापना भएको The South East Asian Central Banks (SEACEN) Research and Training Centre को नेपाल राष्ट्र बैंक संस्थापक सदस्य हो । कार्यक्रममा सहभागी भई गभर्नर डा. नेपाल कात्तिक २९ गते स्वदेश फर्कनु भयो ।

कार्यक्रममा सूचना प्रविधि विभागका निर्देशक शिवराम दवाडी, बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक पञ्चलक्ष्मी मानन्धर र गभर्नरको कार्यालयका सहायक निर्देशक सुधा बिष्ट थापा समेत सहभागी हुनुहुन्थ्यो ।

## डेपुटी गभर्नर शिवाकोटी क्यानडामा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी Royal Canadian Mint द्वारा २०१९ अक्टोबर २८-३१ मा क्यानडाको ओट्टावा र विन्निपेगमा आयोजित New 5 Rupees Denomination and the Reestablishment of the Nepal Mint विषयक कार्यक्रममा सहभागी हुनुभयो । मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलासमेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२
ईमेलः samachar@nrb.org.np, वेवसाईटः www.nrb.org.np

सम्पादक
सुशिल ज्ञवाली

सम्पादन सहयोगी
विष्णु दत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६११६, ५७०५५१८